## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

विश्वव्यापी रुपमा महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय अभियानको सुरु नोभेम्वर २५ देखि डिसेम्वर १० का दिनसम्म अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएर समापन गरिन्छ । विश्वमा महिला अधिकार तथा मुक्तिका लागि इतिहासका विभिन्न कालखण्डमा विभिन्न संङ्घर्ष तथा आन्दोलनहरु हुँदै आएका छन । महिला अधिकार र महिला सशक्तीकरणका लागि विभिन्न अवधारणाहरु अवलम्वन गरिएकोछ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ लाई १९९१ मा अनुमोदन गरेको छ । सन् १९९५ मा संयुत्त राष्ट्रसंघले चीनको बेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलनले लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रुपमा लिई १२ वटा क्षेत्रहरुमा परिवर्तनको प्रतिवद्धता व्यक्त गरेको थियो । नेपाल सरकारले लैङ्गिक हिंसाको अन्त्यको लागि महिलाहरुको आर्थिक सशक्तिकरणलाई अनिवार्य विषयको रुपमा मुखरीत गर्न महिलामा लगानी वर्षको रुपमा मनाइने निर्णय गरेकोछ ।

## ऐतिहासिक पक्ष

नोभेम्बर २५ लाई महिलामाथि हुने हिंसा विरुद्ध अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाउनुका पछाडि यसको छुट्टै इतिहास छ । यो दिवसको सन्दर्भ डोमिनकन गणतन्त्रका एकै परिवारका तीन दिदिबहिनीको हत्यासँग जोडिएको छ । मिरावेल परिवारमा जन्मिएका यी तीन दिदिबहिनी राजनीतिक कार्यकर्ता थिए र तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० मा उनीहरुको निर्मम हत्या गरेको थियो । जसलाई लिङ्गको आधारमा हुने राजनीतिक हिंसाको प्रतिरुप मानिन्छ । पेट्रिया, मिनर्भा र मारिया नाम गरेका यी तीन दिदिबहिनी इनरिक रिमवल र मारिया मार्सिडिज रेजको सन्तानका रुपमा क्रमश: सन १९२४, १९१७ र १९३५ मा डोमिनिकन गणतन्त्रको सिवास भन्ने ठाँउमा जन्मिएका थिए । शिक्षित र सचेत यी दिदिबहिनी तत्कालीन त्रुजिलो तानाशाहीको विरुद्धमा भएको हुँदा तत्कालीन सरकारले ती तिन दिदिबहिनी र तिनका सबै परिवारलाई राज्यद्रोहको आरोप लगाएको थियो । यिनीहरु पटकपटक जेल परेका थिए । मिनर्भा चार पटकसम्म जेल परेकी थिइन । जेलमा दिइने चरम यातानाका बाबजुद यी दिदिबहिनीहरुले तानाशाही सरकारको विरोध गर्न छाडेका थिएनन् । यसै क्रममा सन १९६० मा निरङ्कुश सरकारको विरोध सशक्त आन्दोलनमा उत्रिने उद्देश्यले डोमिनिकन गणराज्यको एउटा सहरमा विशाल भेलाको आयोजना गरिएको थियो । जुन भेलामा पेट्रिया, मिनर्भा र मारिया तिनैजनाले सम्बोधन गर्ने कार्यक्रम थियो तर, राज्यको हस्तक्षेपका कारण उक्त कार्यक्रम सफल हुन सकेन र अन्ततः उनीहरु पक्राउ परे । सन १९६० को सुरुवातमै त्यहाँको सरकारले यिनीहरुलाई मुलुकको ठुलो समस्याको रुपमा घोषणा गर्यो । यसरी घोषणा गरेको ११ महिनापछि नोभेम्बर २५ तारिखका दिन यिनीहरुको हत्या गरियो । यिनीहरुको हत्या गर्नुअघि यिनका पतिहरुलाई जेलमा राखियो र जेलमा आफ्ना पतिहरुलाई खाना पुर्याउन गएको समय पारी यिनीहरुको हत्या गरिएको थियो । यी मिरावेल दिदिबहिनीको हत्याले त्रुजिलो सरकार विरुद्धको आन्दोलन अझ सशक्त बन्यो । परिणमत: सो हत्याकाण्डको एक वर्षभित्रै डोमिनिकन गणराज्यमा निरङ्कुश त्रुजिलो सरकारको अन्त्य भयो । यी दिदिबहिनीको हत्यालाई महिला विरुद्धको हिंसाको रुपमा लिइयो र यिनीहरुको सम्झनामा विभिन्न कार्यक्रमको आयोजना गर्न थालियो । डोमिनिकन गणराज्यमा थुप्रै गीत, कविता र पुस्तक यी दिदिबहिनीको सम्झना र योगदानमा लेखिएका छन् ।

सन् १९९१ मा Center For Women Global Leadership को सहयोगमा विभिन्न २० देशका सक्रिय महिलाहरुको समूहले लैङ्गिक हिंसा विरुद्धको सोह दिने अभियान सुरुआत गर्दै यस अभियानमा जुट्न सम्पूर्ण विश्वलाई आव्हान गरेका थिए ।

## संयुक्त राष्ट्रसंघबाट अनुमोदन

सन् १९९५ मा डोमिनिकन गणराज्य तथा अन्य ७४ वटा सदस्य राष्ट्रले नोभेम्बर २५ लाई महिला विरुद्ध हुने हिंसा उन्मूलन दिवसको रुपमा मनाउन संयुक्त राष्ट्रसंघमा पेश गरेको प्रस्ताव संयुक्त राष्ट्रसंघको महासभाबाट सोही वर्षको डिसेम्बर १७ का दिन सर्वसम्मत रुपमा पारित भएपछि संयुक्त राष्ट्रसंघीय प्रणालीका राष्ट्रहरु विश्वव्यापी रुपमा यो अभियानमा सहभागि हुँदै आएका छन् ।

संयुक्त राष्ट्रसंघीय प्रणालीले यो दिवस मनाउने क्रममा महिलामाथि हुने हिंसा विरुद्ध व्यापक जनचेतना जगाउने र समस्याहरुको पहिचान गरी तिनको समाधानका लागि राज्यहरुलाई कानूनी आधार तय गर्न सहकार्य गर्दै आएको छ । मानव अधिकार नै महिला अधिकार हो भनी वकालत गर्दै संयुक्त राष्ट्रसंघीय प्रणालीले त्यसको कार्यान्वयनका लागि समेत जोड दिँदै आएको छ ।

## नेपालमा १६ दिने अभियान

नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाउन थालिएको हो। नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्ने सिलसिलामा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५ साल कार्तिक २९ गतेको निर्णयानुसार हरेक वर्ष नोभेम्वर २५ तारिखलाई महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवस मनाउने घोषणा गरेकोछ । साथै २०७६ लाई लैङ्गिक हिंसा विरूद्धको अभियान वर्ष रूपमा मनाइएको थियो ।

सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरूद्धको दिवस मनाउँदै आएका भए पनि सन् १९९९ मा संयुक्त राष्ट्र संघले प्रत्येक वर्ष यो दिवसका लागि एउटा विशेष नारा तय गर्दै आएकोछ । यस वर्ष "Towards 30 Years of the Beijing Declaration and Platform for Action: UNiTE to End Violence against Women" अन्तर्राष्ट्रिय नारा र "हामी सबैको प्रतिवद्धता: लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यवद्धता" भन्ने राष्ट्रिय नाराका साथ देशव्यापी रूपमा रचनात्मक र सन्देशमूलक क्रियाकलाप गरी साझा प्रतिवद्धता तथा ऐक्यवद्धताका साथ मनाउन संघ, प्रदेश र स्थानीय तह लगायत सबै सरोकारवाला निकायलाई आह्वान गरिएकोछ । उक्त अभियानमा सबै सरोकारवाला निकाय र संघसंस्थाको समन्वयमा विविध कार्यक्रमका साथ लैङ्गिक हिंसा विरूद्धको अभियान सञ्चालन हुने भएको छ ।

## १६ दिने अभियानको उद्धेश्य

- लैङ्गिक हिंसा मानव अधिकारको हनन हो भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा जनचेतना विस्तार गर्नु,
- लैङ्गिक हिंसा विरुद्धमा पुरुषहरुको सहकार्यलाई अभिवृद्धि गर्नु,
- लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने विश्वका विभिन्न निकाय अर्थात अधिकारकर्मी बीच ऐक्यवद्धता जाहेर गर्नु,
- लैङ्गिक हिंसाका विविध आयामहरुमा रणनीतिक छलफल गर्नु ।

## सेतो रिबन (White Ribbon) अभियान

सेतो रिबन अभियान पुरुष वर्गबाट महिला एवम् बालिकाप्रति हुने हिंसाको विरुद्धमा पुरुष र युवाहरुद्वारा आफ्नो व्यक्तिगत रुपमा वा संस्थागत रुपमा गरिने प्रतिबद्धताको अभियान हो । यसको सुरुवात महिला तथा बालिका विरुद्ध भइरहेको हिंसाको बारेमा बोल्ने जिम्मेवारी पुरुषवर्गले लिनुपर्दछ भन्ने विचारबाट सन् १९९१ मा क्यानडाका केही पुरुषबाट भएको थियो । त्यसपछि क्यानडामा लाखौं पुरुषले सेतो रिबन लगाएर आ-आफ्नो प्रतिबद्धता दर्शाएका थिए । सेतो रिबन लगाउनु भनेको पुरुषद्धारा महिला तथा बालिकामाथि गरिने हिंसाको विरुद्ध पुरुषवर्गले देखाएका प्रतिवद्धताको संकेत हो । सेतो रिबन (White Ribbon) अभियानबाट परिचित महिला र बालिकाप्रति हुने हिंसाविरुद्ध व्यक्तिगत वा संघ संस्थागत रुपमा पुरुष तथा युवा वर्गबाट गरिने प्रतिबद्धता तथा अभियानलाई यस वर्षको १६ दिने अभियानसँग जोडिएको छ । महिला हिंसाका सन्दर्भमा पुरुष वर्गबाट आवाज उठ्दा सकारात्मक सन्देश जाने र घर, टोल, छिमेक, समाज हुँदै अन्ततः राज्यबाट महिला विरुद्ध हुने हिंसा न्यूनीकरण गर्न मद्दत पुग्ने ठानी यो अभियानको सुरुवात गरिएको हो ।

यो अभियान देशअनुसार फरक फरक ढङ्ग र समयमा मनाइने भए तापनि हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अझ विशेष रुपमा "लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान" मनाउने गरिन्छ ।

अहिले यो अभियान महिला तथा बालिका विरुद्ध हुने हिंसा रोक्ने अन्तर्राष्ट्रिय अभियानको रुपमा मानिएको छ । युरोपमा वर्षको एकपटक नोभेम्बर महिनामा संसदीय सभामा सबै पुरुष सांसदले सेतो रिबन लगाउने गरेका छन् । अन्य पश्चिमेली देशका पुरुष र युवाले पनि व्यक्तिगत तथा संस्थागत रुपमा यस कार्यक्रमलाई महत्वपूर्ण अभियानको रुपमा लिँदै आएका छन् । महिला तथा बालिका विरुद्धको हिंसा बढ्दै गएको अहिलेको परिप्रेक्ष्यमा हाम्रो देशमा पनि यो अभियान सान्दर्भिक छ ।

नेपालमा विभिन्न क्षेत्रका सचेत पुरुषले सकारात्मक प्रतिक्रिया व्यक्त गर्दै महिलामाथि हुने हिंसा अन्त्य गर्न प्रतिबद्धता जाहेर गरेका छन् । यो अभियानलाई ग्रामीण समुदायदेखि नीति-निर्माण तहसम्मका पुरुषहरुबिच पुर्‍याउन आवश्यक देखिएको छ । यसको कार्यान्वयन र चुनौतीको सन्दर्भमा उठाउनै पर्ने विषयहरुमा महिला हिंसा विरुद्ध शून्य सहनशीलताको नीति, राजनीतिमा महिला हिंसा, नागरिकता ऐनको प्रभावकारी कार्यान्वयन, गर्भपतनसम्बन्धी अधिकारको प्रयोग तथा कार्यान्वयन, शान्ति प्रक्रियामा महिलाको सहभागिता, महिला र सुरक्षासँग सम्बन्धित संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्‌बाट पारित प्रस्ताव १३२५ र १८२० को कार्यान्वयन, सङ्क्रमणकालीन न्याय, द्वन्द्वपीडित महिलामाथि परेको शारीरिक, मानसिक र मनोवैज्ञानिक असरलगायत रहेको छन् ।


नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरवार, काठमाडौं

फोन नं.: ०१-४२००६००, ४२०००८२, फ्याक्स नं.: ०१-४२००११६

इमेल : io@mowcsc.gov.np, info@mowcsc.gov.np

वेभसाइट : www.mowcsc.gov.np


"Towards 30 Years of the Beijing Declaration and Platform for Action: UNiTE to End Violence against Women"

"हामी सबैको प्रतिवद्धताः लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता"

२५ नोभेम्बर देखि डिसेम्बर १०, २०२४ सम्म (तदनुसार २०८१ मंसीर १० गते देखि २५ गते)



# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

**२०८१**


नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरवार, काठमाडौं